प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा-बाँके

## कृषि यन्त्र उपकरण खरीद गर्ने बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०१/०४ गते**

१. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेको आ.ब. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि यन्त्र उपकरणहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट कारोबार गर्न ईजाजत प्राप्त आधिकारिक उत्पादक/अधिकृत कृषि यन्त्र उपकरण बिक्रेताबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरिएको सूचना प्रकाशित गरिएको छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनभित्र बोलपत्र दस्तुर नगद रु ३०००/- (फिर्ता नहुने गरि) नगदै तिरी ईच्छुक बोलपत्र दाताले बोलपत्र खरिद गर्न र ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्बजनिक बिदा परेमा कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ। बोलपत्र कागजात खरिद गर्नको लागि चालु आ.व.२०७७/७८ का लागि नविकरण भएको ईजाजतपत्र र मू.अ. कर दर्ता, गत आ.व. २०७६/०७७ को कर चुक्ता तथा अधिकृत बिक्रेता भएको पुष्टि हुने कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। बोलपत्र साथ धरौटी रकम को.ले.नि.का. बाँके, प्रदेश लेखा इकाई कार्यालयको राष्ट्रिय बाणिज्य बैंक नेपालगञ्जस्थित धरौटी खाता नं. ४१३०१००२०२०३०००० मा यस कार्यालयको कोड नं. ३१२०१५७०१५ मा नगद जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकले जारी गरेको बोलपत्र खोल्ने मितिबाट कम्तीमा १२० दिन अवधी रहेको बिडबण्ड संलग्न हुनुपर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो काम क्रमश: सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिने छ ।

४. बोलपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ । बोल पत्र फारम पेश गर्दा बोलपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्ने छ । कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, प्राबिधिक डिजाईन स्पेशिफिकेशन, गुणस्तर फरक परेको, बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

६. बोलपत्र सम्बन्धि कागजातमा कुनै संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

७. आपूर्तिकर्ताले बोलपत्र पेश गर्नुपूर्व कार्यालय समयभित्र आफ्नै खर्चमा यस कार्यालयमा भ्रमण गरि आवस्यक स्थलगत जानकारी प्राप्त गर्न सकिने छ ।

८. अधिकृत बिक्रेताबाट प्रस्ताब गरिएको मेशिनहरुको प्राबिधिक डिजाईन, गुणस्तर तथा प्राबिधिक बिशेषताहरु निर्माता कम्पनीको आधिकारिक वेवसाईटबाट समेत पुष्टि हुनुपर्नेछ र सोको लागि आपूर्तिकर्ताले निर्माता कम्पनीको आधिकारिक वेवसाईट अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

९. यस सूचनामा उल्लेख नभएको ब्यहोराहरुको हकमा बोलपत्र सम्बधि कागजात र सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा नेपाल सरकारको अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१०. २०७८/०१/२१ गते दिउँसो २:०० बजे प्रिविड बैठक बस्ने छ ।

<u>तपशिल:</u>

| S. N. | Contract No | Description of Goods | Bid Security & validity period | Last date of Bid | |
|---|---|---|---|---|---|
| | | | | Purchase | Submission |
| 1. | ABPSTC/NCB/ GOODS/01/2077/78 | Supply and delivery of Agricultural Machinaries | Rs 1,60000/- 120 days from bid opening date | 2078/02/02 | 2078/02/03 12:00 noon |

बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सम्पर्क नं :९८५८०६०४४२, ०८१-५६०४४२ **Email: abpstckhajura@gmail.com**